प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**देशभरका बिपन्न, दलित र मुस्लिम समुदायका ८० जना छात्रछात्राहरुलाई प्रि-डिप्लोमा तह र ४८० जनालाई डिप्लोमा/प्रमाणपत्र तह अध्ययनका लागि विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम अनुसार निःशुल्क अध्ययनका लागि परीक्षार्थी छनौट गर्न प्रवेश परीक्षाको आवेदन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति २०७७।१२।२४)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्राविधिक महाशाखाको च.नं. २३३५, मिति २०७७।१२।१८ गतेको पत्रानुसार नेपाल सरकारको आर्थिक बर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम प्रादेशिक सन्तुलन कायम हुनेगरी संस्थागत पहुंच नपुगेका स्थानीय तहलाई प्राथमिकता दिने गरी देशभरका बिपन्न, दलित र मुस्लिम समुदायका छात्रछात्राहरुबाट निम्न निर्धारित कोटामा ८० जना प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहमा ४८० जना उल्लेखित प्राविधिक शिक्षा अध्ययन गर्न परीक्षार्थी छनौटका लागि प्रवेश परीक्षा संचालन गर्नुपर्ने भएकाले योग्य नेपाली नागरिकहरुबाट आवेदन फाराम आव्हान गरिएको हुंदा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>तपसिल</u>**

**१. लक्षित बर्ग :**

क) देशभरका बिपन्न, दलित र मुस्लिम समुदायका छात्रछात्राहरुबाट निर्धारित कोटामा ८० जना प्रि-डिप्लोमा तह

ख) देशभरका बिपन्न, दलित र मुस्लिम समुदायका छात्रछात्राहरुबाट निर्धारित कोटामा ४८० जना डिप्लोमा/प्रमाणपत्र तह

**<u>नोट</u>**: दलितहरुको हकमा राष्ट्रिय दलित आयोग, मुस्लिमहरुको हकमा राष्ट्रिय मुस्लिम आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट उक्त जाती भनी जारी गरिएको प्रमाणित पत्रको आधारमा साथै बिपन्न समूहको छनौट गर्दा हलिया र कमैयालाई समावेश गरी नेपाल सरकारबाट सुचिकृत सुविधा वञ्चित (Disadvantage Group) २२ वटा समूहहरु (बनकरिया, बराम, बोटे, चेपाङ्ग, दनुवार, धानुक, हायु, झागड, किसान, कुसुन्डा, लेप्चा, माझी, मेचे, कुसवाडिया, राजी, राउटे, सतार, सिंसा, सियार, सुरेल, थामी र थुनम) लाई आर्थिक रुपमा बिपन्न भनी स्थानीय निकायबाट प्रमाणित कागजातको आधारमा बिपन्न कोटामा सहभागी गराउने ।

**२. शैक्षिक कार्यक्रम र कोटा :**

**<u>क) प्रि-डिप्लोमा तह :</u>**

| क्र.सं | कार्यक्रम र प्रदेश | दलित | | | | | | | मुस्लिम | | | | | | | बिपन्न | | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | बा | ग | लु | क | सु.प | १ | २ | बा | ग | लु | क | सु.प | १ | २ | बा | ग | लु | क | सु.प | |
| १. | प्रि-डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) | २ | ३ | २ | २ | २ | २ | २ | १ | २ | १ | १ | २ | २ | १ | २ | २ | ३ | २ | २ | २ | २ | ४० |
| २. | प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | ३ | २ | ३ | २ | २ | ३ | ३ | २ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | २ | ४० |
| | **जम्मा** | **५** | **५** | **५** | **४** | **४** | **५** | **५** | **३** | **३** | **२** | **२** | **३** | **३** | **२** | **४** | **४** | **५** | **४** | **४** | **४** | **४** | **८०** |

**ख)डिप्लोमा/प्रमाणपत्र तह :**

| क्र.सं | कार्यक्रम र प्रदेश | दलित | | | | | | | मुस्लिम | | | | | | | बिपन्न | | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | बा | ग | लु | क | सु.प | १ | २ | बा | ग | लु | क | सु.प | १ | २ | बा | ग | लु | क | सु.प | |
| १. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | २ | २ | ३ | ३ | २ | २ | २ | १ | २ | १ | १ | २ | १ | १ | २ | २ | ३ | २ | २ | २ | २ | ४० |
| २. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | ३ | २ | ३ | २ | २ | ३ | ३ | २ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | २ | ४० |
| ३. | डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ्ग | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | १ | २ | ४० |
| ४. | डिप्लोमा इन रेफ एण्ड ए.सी | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | १ | १ | १ | १ | २ | १ | १ | २ | १ | २ | १ | २ | २ | २ | ४० |
| ५. | डिप्लोमा इन फार्मेसी | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | १ | २ | ४० |
| ६. | डिप्लोमा इन फार्मेसी | २ | २ | ३ | ३ | २ | २ | २ | १ | २ | १ | १ | २ | १ | १ | २ | २ | ३ | २ | २ | २ | २ | ४० |
| ७. | प्रमाणपत्र तह सामान्य चिकित्सा | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | १ | १ | १ | १ | २ | १ | १ | २ | १ | २ | १ | २ | २ | २ | ४० |
| ८. | डिप्लोमा इन एग्रिकल्चर (बाली बिज्ञान) | ३ | ३ | १ | ३ | ३ | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | २ | ४० |
| ९. | डिप्लोमा इन एग्रिकल्चर (बाली बिज्ञान) | ३ | ३ | १ | ३ | ३ | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | २ | ४० |
| १०. | डिप्लोमा इन एग्रिकल्चर (पशु बिज्ञान) | ३ | २ | २ | ४ | ३ | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | ४० |
| ११. | डिप्लोमा इन एग्रिकल्चर (पशु बिज्ञान) | ३ | २ | २ | ४ | ३ | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | २ | २ | २ | ४० |
| १२. | डिप्लोमा इन फरेष्ट्रि | २ | ३ | २ | २ | २ | २ | २ | १ | २ | १ | १ | २ | २ | १ | २ | २ | ३ | २ | २ | २ | २ | ४० |
| | **जम्मा** | **३३** | **३१** | **२९** | **३६** | **२८** | **३३** | **३३** | **१३** | **१५** | **१२** | **१२** | **१७** | **१३** | **१२** | **२२** | **२२** | **२७** | **२२** | **२४** | **२२** | **२४** | **४८०** |

नोटः बा=बागमती, ग=गण्डकी प्रदेश, लु=लुम्बिनी, क= कर्णाली प्रदेश र सु.प.=सुदूर पश्चिमम प्रदेश

**३. आवश्यक न्यूनतम योग्यता :**

**३.१ प्रि-डिप्लोमा तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

**क. आवश्यक शैक्षिक योग्यताः**

अ. अक्षराङ्कन पद्धति लागु हुनु पूर्वका प्रवेशिका परीक्षाको हकमाः एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण

आ. अक्षराङ्कन पद्धतिको नतिजाको हकमाः मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा एसईई परीक्षामा न्यूनतम E ग्रेड प्राप्त ।

**३.२ डिप्लोमा/प्रमाणपत्र तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

**(क) अक्षराङ्कन पद्धति लागु हुनु पूर्वका प्रवेशिका परीक्षाको हकमा :**

| क.सं | अध्यापन गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | डिप्लोमा ईन फार्मेसी | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषद् वा त्रिभुवन विश्वविद्यालयबाट यस बमोजिम संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा क्रमशः ६८.३३ र ६६.६७ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण ।<br><br>एस.एल.सी. (प्राविधिक धार) को योग्यताको हकमा उल्लेखित शैक्षिक कार्यक्रमका लागि तोकिएको प्रतिशत भित्र पर्ने ग्रेड कायम हुनेछ । |
| २. | प्रमाणपत्र तह सामान्य चिकित्सा | |
| ३. | डिप्लोमा ईन सिभिल इन्जिनियरिङ्ग | |
| ४. | डिप्लोमा ईन इलेक्ट्रिकल ईन्जिनियरिङ्ग | |
| ५. | डिप्लोमा ईन रेफ एण्ड ए.सी ईन्जिनियरिङ्ग | |
| ६. | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) | |
| ७. | डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स) | |
| ८. | डिप्लोमा इन फरेष्ट्री | |

**(ख) अक्षराङ्कन पद्धतिको नतिजाको हकमा :**

| क्र.सं. | अध्यापन गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | डिप्लोमा ईन फार्मेसी | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा न्यूनतम C ग्रेड प्राप्त गरी समग्र ग्रेड Grade Point Average (GPA) - न्यूनतम 2 प्राप्त । |
| २. | प्रमाणपत्र तह सामान्य चिकित्सा | |
| ३. | डिप्लोमा ईन सिभिल इन्जिनियरिङ्ग | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य गणित र विज्ञानमा न्यूनतम C ग्रेड र अंग्रेजीमा विषयमा न्यूनतम D+ ग्रेड प्राप्त ।<br><br>एस.एल.सी. वा एस.ई.ई. प्राविधिक धारमा इलेक्ट्रिकल, सिभिल, कम्प्युटर इन्जिनियरिङ्ग कार्यक्रम अध्ययन गर्नेको हकमा सोही कार्यक्रम अध्ययन गर्न चाहेमा एस.एल.सी. वा एस.ई.ई. प्राविधिक धारमा GPA 1.6 प्राप्त साथै अन्य कार्यक्रममा भर्ना हुन चाहेमा अन्य कार्यक्रमको भर्ना मापदण्ड बमोजिमनै शैक्षिक योग्यता प्राप्त । |
| ४. | डिप्लोमा ईन इलेक्ट्रिकल ईन्जिनियरिङ्ग | |
| ५. | डिप्लोमा ईन रेफ एण्ड ए.सी ईन्जिनियरिङ्ग | |
| ६. | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित, र विज्ञान मध्ये कुनै दुई वटा विषयमा न्यूनतम C ग्रेड र कुनै एक विषयमा न्यूनतम D+ ग्रेड प्राप्त ।<br>एस.एल.सी. वा एस.ई.ई. प्राविधिक धारमा कृषि वाली विज्ञान र कृषि पशु विज्ञान कार्यक्रम अध्ययन गर्नेको हकमा सोही कार्यक्रम अध्ययन गर्न चाहेमा एस.एल.सी. वा एस.ई.ई. प्राविधिक धारमा GPA 1.6 प्राप्त साथै अन्य कार्यक्रममा भर्ना हुन चाहेमा अन्य कार्यक्रमको भर्ना मापदण्ड बमोजिमनै शैक्षिक योग्यता प्राप्त । |
| ७. | डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स) | |
| ८. | डिप्लोमा इन फरेष्ट्री | |

**४. फाराम बुझाउने र प्रवेश परीक्षा दिने स्थान :**

परीक्षार्थीहरुले आफ्नो स्थायी बसोबास भएको प्रदेशबाट मात्र आवेदन फाराम भर्न र सोही प्रदेशको तोकिएको परीक्षा केन्द्रबाट प्रवेश परीक्षामा सहभागी हुनुपर्नेछ ।

**५.कोटा रिक्त भएको सम्वन्धमा :**

लक्षित बर्ग, समुदाय र प्रदेश अनुसारको कुनै कार्यक्रममा निर्धारित कोटा खाली रहन गएमा सोही प्रदेशको अन्य बर्ग वा समूहबाट सोही कार्यक्रममा प्रवेश परीक्षा उत्तीर्ण गरेकाहरु मध्येबाट उच्चतम अंक प्राप्त गर्ने परीक्षार्थीहरु छनौट गरिनेछ । सो पश्चात समेत खाली रहन गएको कोटामा सोही प्रदेशबाट अन्य कार्यक्रममा प्रवेश परीक्षा उत्तीर्ण गरी सो बर्गको वैकल्पिकमा रहेका मध्येबाट छनौट गरिनेछ ।

**६. आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

६.१ फाराम साथ पेश गर्नुपर्ने प्रमाणपत्रहरु परीक्षार्थी स्वयंले प्रमाणित गरी सूची बमोजिम पेश गर्नुपर्नेछ । आवेदन फाराममा उल्लेख गर्नुपर्ने कुरा उल्लेख नगरी आवश्यक कागजात पेश गरेमा परीक्षार्थीहरुको फाराम रद्ध हुनेछ ।

(क) नागरिकताको प्रमाणपत्र वा नेपाली नागरिक हो भनी प्रमाणित हुने नावालिग वा जन्म दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(ख) दलितले राष्ट्रिय दलित आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित गरिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(ग) बिपन्न बर्ग/समुहबाट आवेदन फाराम भर्नेहरुले आफु चिनीने सम्वन्धित निकायबाट जारी भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(घ) मुस्लिमहरुले राष्ट्रिय मुस्लिम आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयले मुस्लिम हो भनी प्रमाणित गरिदिएको पत्रको प्रतिलिपी ।

(ङ) एस.इ.इ, एस.इ.इ प्राविधिक धार र प्राविधिक एस.एल.सी उत्तीर्ण गरेको मार्कशीट र चारित्रिक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी ।

(च) माइग्रेशन र समकक्षता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (नेपाल सरकारको एस.इ.इ बोर्ड बाहेकका अन्य बोर्डबाट उत्तीर्णहरुका हकमा आवश्यक पर्ने) ।

(छ) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को ३ प्रति फोटो ।

(ज) बसाई सराईको हकमा सूचना प्रकाशन भएको मितिभन्दा छ (६) महिना अगाडि बसाई सराई गरिएको स्थानीय निकायको पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**७. प्रवेश परीक्षा सम्वन्धी जानकारी :**

७.१ प्रवेश परीक्षा

**अ) डिप्लोमा/प्रमाणपत्र तहको लागि :**

क) नेपाल सरकारको प्रवेशिका परीक्षाको पाठ्यक्रमको आधारमा अनिवार्य अंग्रेजी-२०, गणित-२० र बिज्ञान-२० गरी जम्मा ६० वटा बस्तुगत बहु उत्तर प्रणालीको प्रश्न सोधिनेछ । प्रत्येक प्रश्नको अंकभार बराबर हुनेछ र जम्मा पुर्णाङ्क ७० हुनेछ ।

ख) परीक्षाको समय १.३० घण्टा हुनेछ ।

ग) उत्तरपुस्तिकामा दिइएका ४ वटा गोलो घेरा मध्ये सही उत्तर एकमा Black Gel Pen ले गोलो भित्र पुर्ण रुपमा कालो हुने गरी ढाक्नु पर्नेछ । जस्तै सही उत्तर B भए

| ○ | ● | ○ | ○ |
|---|---|---|---|
| A | B | C | D |

घ) एक भन्दा बढी सम्भावित उत्तरमा चिन्ह लगाएमा वा उत्तरमा केरमेट गरेमा त्यस्ता उत्तरहरु स्वतः रद्ध हुनेछन । जस्तै सही उत्तर B हुंदा

| ○ | ● | ● | ○ |
|---|---|---|---|
| A | B | C | D |

**आ) प्रि-डिप्लोमा तहका लागि :**

प्रि-डिप्लोमा तहका लागि नेपाल सरकारको प्रवेशिका परीक्षा/एस.ई.ई परीक्षाको पाठ्यक्रमको आधारमा अनिवार्य अंग्रेजी-२०, गणित-२० स्वास्थ्य र विज्ञान-२० अंक गरी जम्मा ६० वटा बस्तुगत बहु-उत्तर प्रणालीको प्रवेश परीक्षा हुनेछ । प्रत्येक प्रश्नको अंकभार बराबर हुनेछ र जम्मा पुर्णाङ्क ७० हुनेछ ।

**८. छनौटको आधार :**

**(अ) बुँदा नं. ३.२ को (क) र (ख) बमोजिमको योग्यता पुगेका परीक्षार्थीहरुलाई तपसिल अनुसारको अंक प्रदान गरिनेछ ।**

| एस.ई.ई. परीक्षा | | एस.एल.सी. परीक्षा | | प्राविधिक एस.एल.सी. परीक्षा | |
|---|---|---|---|---|---|
| प्राप्त ग्रेड प्वाइन्ट | शैक्षिक योग्यता वापत प्रदान गरिने अंक | प्राप्ताङ्क प्रतिशत | शैक्षिक योग्यता वापत प्रदान गरिने अंक | प्राप्ताङ्क प्रतिशत | शैक्षिक योग्यता वापत प्रदान गरिने अंक |
| ३.६ देखि ४.० | ३० | ८० देखि माथी | ३० | ८० देखि माथी | ३० |
| २.८ देखि र ३.५९ | २७ | ६० देखि ७९.९९ | २७ | ७५ देखि ७९.९९ | २७ |
| २.० देखि २.७९ | २४ | ४५ देखि ५९.९९ | २४ | ७० देखि ७४.९९ | २४ |
| २.० भन्दा कम | २१ | ४५ भन्दा कम | २१ | ७० भन्दा कम | २१ |

(क) प्रवेश परीक्षामा प्राप्त अंक र शैक्षिक योग्यता वापतको अंकको योगफल अनुसार परीक्षार्थीको योग्यताक्रम सूची निर्धारण गरिनेछ ।

(ख) प्रवेश परीक्षा उत्तीर्ण हुनको लागि प्रवेश परीक्षामा प्राप्त अंक र शैक्षिक योग्यता वापतको अंक गरी कम्तीमा ४० अंक प्राप्त गरेको हुनुपर्नेछ ।

(ग) योग्यताक्रमको प्राप्ताङ्क बराबर भएका दुई भन्दा बढी आवेदकको हकमा प्राप्ताङ्कको दशमलव पछिको दुईभन्दा बढी अङ्क गणना गरी त्यसमा जसको अङ्क बढी हुन्छ उसको नाम प्रकाशित गरिनेछ । यसो गर्दा पनि अंक बराबर भएमा एस.एल.सी./एस.ई.ई. परीक्षाको नतिजालाई आधार मानि नतिजा प्रकाशित गरिनेछ । एस.एल.सी./एस.ई.ई. को नतिजा पनि बराबर भएमा एस.एल.सी./एस.ई.ई. परीक्षाको क्रमशः अनिवार्य गणित, विज्ञान र अंग्रेजीको नतिजालाई आधार मानि नतिजा प्रकाशित गरिनेछ ।

(घ) अक्षराङ्कन पद्धतीको नतिजामा तोकिएको जि.पि.ए.लाई प्रतिशत निर्धारण गर्दा निम्न बमोजिम गरिनेछ ।

GPA x 23.75 = %

**(आ) बुँदा नं. ३(१) (क) बमोजिमको योग्यता पुगेका परीक्षार्थीहरुलाई तपसिल अनुसारको अंक प्रदान गरिनेछ ।**

| एस.ई.ई. परीक्षा | | एस.एल.सी. परीक्षा | |
|---|---|---|---|
| प्राप्त ग्रेड प्वाइन्ट | शैक्षिक योग्यता वापत प्रदान गरिने अंक | प्राप्ताङ्क प्रतिशत | शैक्षिक योग्यता वापत प्रदान गरिने अंक |
| ३.६ देखि ४.० | ३० | ८० देखि माथी | ३० |
| २.८ देखि र ३.५९ | २७ | ६० देखि ७९.९९ | २७ |
| २.० देखि २.७९ | २४ | ४५ देखि ५९.९९ | २४ |
| २.० भन्दा कम | २१ | ४५ भन्दा कम | २१ |

(क) प्रवेश परीक्षामा प्राप्त अंक र शैक्षिक योग्यता वापतको अंकको योगफल अनुसार परीक्षार्थीको योग्यताक्रम सूची निर्धारण गरिनेछ ।

(ख) प्रवेश परीक्षा उतिर्ण हुनको लागि प्रवेश परीक्षामा प्राप्त अंक र शैक्षिक योग्यता वापतको अंक गरी कम्तीमा ४० अंक प्राप्त गरेको हुनुपर्नेछ ।

(ग) योग्यताक्रमको प्राप्ताङ्क बराबर भएका दुई भन्दा बढी आवेदकको हकमा प्राप्ताङ्कको दशमलव पछिको दुईभन्दा बढी अङ्क गणना गरी त्यसमा जसको अङ्क बढी हुन्छ उसको नाम प्रकाशित गरिनेछ । यसो गर्दा पनि अंक बराबर भएमा एस.एल.सी./एस.ई.ई. परीक्षाको नतिजालाई आधार मानि नतिजा प्रकाशित गरिनेछ । एस.एल.सी./एस.ई.ई. को नतिजा पनि बराबर भएमा एस.एल.सी./एस.ई.ई. परीक्षाको क्रमशः अनिवार्य गणित, विज्ञान र अंग्रेजीको नतिजालाई आधार मानी नतिजा प्रकाशित गरिनेछ ।

(घ) अक्षराङ्कन पद्धतीको नतिजामा तोकिएको जि.पि.ए.लाई प्रतिशत निर्धारण गर्दा निम्न बमोजिम गरिनेछ ।

GPA x 23.75 = %

**९. प्रवेश परीक्षा सम्वन्धी कार्यक्रम :**

| | |
|---|---|
| फाराम बितरण मिति | : २०७७ चैत्र २४ गते मंगलबार देखि |
| फाराम बुझाउने अन्तिम मिति | : २०७८ वैशाख १३ गते सोमवार सम्म |
| प्रवेश परीक्षा हुने मिति | : २०७८ वैशाख २५ गते शनिवार बिहान ८:०० बजे |
| परीक्षा केन्द्र | : पछि प्रकाशित गरिनेछ । |

**१०. आवेदन फाराम पाइने तथा बुझाउने स्थानहरु :**

**क) प्रदेश नं १ का आवेदकहरुका लागि**

- परिषद्, प्रदेश कार्यालय, प्रदेश नं १, इटहरी, सुनसरी
- रत्न कुमार बान्तवा पोलिटेक्निक इन्टिच्यूट, इलाम
- सुम्निमा बहुप्राविधिक शिक्षालय, भोजपुर

**ख) प्रदेश नं २ का आवेदकहरुका लागि**

- परिषद्, प्रदेश कार्यालय, प्रदेश नं २, जनकपुरधाम, धनुषा
- गौर नर्सिङ्ग कलेज, गौर, रौतहट
- बि.पी. मेमोरियल बहुप्राविधिक शिक्षालय, सपही, धनुषा

**ग) बागमती प्रदेशका आवेदकहरुका लागि**

- परिषद्, प्रदेश कार्यालय, प्रदेश नं ३, हेटौंडा, मकवानपुर
- जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा

- नारायणी पोलिटेक्निक इन्स्टिच्यूट, भरतपुर, चितवन
- परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर

**घ) गण्डकी प्रदेशका आवेदकहरुका लागि**

- परिषद्, गण्डकी प्रदेश कार्यालय, मालेपाटन, पोखरा, कास्की
- धौलागिरी बहुप्राविधिक शिक्षालय, वलेवा, वागलुङ
- राइनस बहुप्राविधिक शिक्षालय, लम्जुङ्ग

**ङ) लुम्बिनी प्रदेशका आवेदकहरुका लागि**

- परिषद्, लुम्बिनी प्रदेश कार्यालय, नयांगाउं, बुटवल, रुपन्देही
- कोरीया नेपाल इन्स्टिच्यूट अफ टेक्नोलोजी, तामनगर, रुपन्देही
- एग्रो फरेष्टी बहुप्राविधिक शिक्षालय, मथुरा, अर्घाखांची
- भेरी प्राविधिक शिक्षालय, नेपालगञ्ज, बांके

**च) कर्णाली प्रदेशका आवेदकहरुका लागि**

- परिषद्, कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत
- कर्णाली प्राविधिक शिक्षालय, जुम्ला
- सहीद यज्ञेश्वर बहुप्राविधिक शिक्षालय, रुकुम

**छ) सुदुर पश्चिम प्रदेशका आवेदकहरुका लागि**

- परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली
- सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी
- टिकापुर पोलिटेक्निक इन्स्टिच्यूट, टिकापुर, कैलाली

(आवेदन फाराम परिषद्को वेभसाईट www.ctevtexam.org.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ)

**११. अध्ययनका लागि तोकिएका कार्यक्रम र शिक्षालयहरु**

माथिको बुंदा नं २ बमोजिमका कार्यक्रमहरु अध्ययन गर्न देहाय बमोजिमका शिक्षण संस्थाहरु तथा कोटा तोकिएको छ ।

**(क) प्रि-डिप्लोमा तहका शैक्षिक कार्यक्रम अध्ययन गराइने शिक्षण संस्थाहरु :**

| क्र.सं | कार्यक्रम | अध्ययनका लागि तोकिएको शिक्षण संस्था | प्रदेश | स्वीकृत कोटा संख्या |
|---|---|---|---|---|
| १. | प्रि-डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) | धौलागिरी बहुप्राविधिक शिक्षालय, बागलुङ्ग | गण्डकी प्रदेश | ४० |
| २. | प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी | सुदुरपश्चिम प्रदेश | ४० |

**(ख) डिप्लोमा/प्रमाणपत्र तहका शैक्षिक कार्यक्रम अध्ययन गराइने शिक्षण संस्थाहरु :**

| क्र.सं | कार्यक्रम | अध्ययनका लागि तोकिएको शिक्षण संस्था | प्रदेश | स्वीकृत कोटा संख्या |
|---|---|---|---|---|
| १. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | नारायणी बहुप्राविधिक शिक्षालय, चितवन | बागमती प्रदेश | ४० |
| २. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | टिकापुर बहुप्राविधिक शिक्षालय, टिकापुर, कैलाली | सुदुरपश्चिम प्रदेश | ४० |
| ३. | डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ्ग | बि.पी.मेमोरियल बहुप्राविधिक शिक्षालय, सपही, धनुषा | प्रदेश २ | ४० |
| ४. | डिप्लोमा इन रेफ. एण्ड ए.सी इन्जिनियरिङ्ग | कोरीया नेपाल इन्स्टिच्यूट अफ टेक्नोलोजी, तामनगर, रुपन्देही | लुम्बिनी प्रदेश | ४० |
| ५. | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) | सुम्निमा बहुप्राविधिक शिक्षालय, भोजपुर | प्रदेश १ | ४० |
| ६. | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) | राइनास बहुप्राविधिक शिक्षालय, लम्जुङ्ग | गण्डकी प्रदेश | ४० |
| ७. | डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स) | जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा | बागमती प्रदेश | ४० |
| ८. | डिप्लोमा इन एग्रिकल्चर (एनिमल साइन्स) | एग्रो फरेष्ट्री बहुप्राविधिक शिक्षालय, मथुरा, अर्घाखांची | लुम्बिनी प्रदेश | ४० |
| ९. | डिप्लोमा इन फार्मेसी | गौर नर्सिङ्ग कलेज, गौर, रौतहट | प्रदेश २ | ४० |
| १०. | डिप्लोमा इन फार्मेसी | रत्नकुमार बान्तवा बहुप्राविधिक शिक्षालय, साखेजुङ्ग, इलाम | प्रदेश १ | ४० |
| ११. | प्रमाणपत्र तह सामान्य चिकित्सा | कर्णाली प्राविधिक शिक्षालय, जुम्ला | कर्णाली प्रदेश | ४० |
| १२. | डिप्लोमा इन फरेष्ट्री | शहीद यज्ञेश्वर बहुप्राविधिक शिक्षालय, रुकुम | कर्णाली प्रदेश | ४० |

**१२. पुनश्चः**

(क) आवेदन फाराम बुझाउने स्थान तोकिएका शिक्षण संस्था/कार्यालयहरुले आवेदकहरुबाट रितपूर्वक भरीएको आवेदन फारामहरु अन्तिम म्याद भित्र संकलन गरी ITMS मा प्रविष्ट गराउनु पर्नेछ ।

(ख) तोकिएको भन्दा अन्य परीक्षा केन्द्रहरुबाट प्रवेश परीक्षामा सामेल भएमा परीक्षा स्वतः रद्ध हुनेछ ।

(ग) प्रवेश परीक्षाबाट मुख्य परीक्षार्थीको रुपमा सिफारिश भई तोकिएको शिक्षण संस्थामा भर्ना भई परिषद् रजिष्ट्रेशन कायम भएमा बिद्यार्थीहरुलाई निर्वाह भत्ता बापत प्रति महिना रु. ३,५००।, यातायात खर्च बापत प्रतिबर्ष रु. १,५००।, पोशाक खर्च बापत प्रतिबर्ष रु २,५००। तथा प्रशिक्षण अवधिभरका लागि निःशुल्क छात्रावासको व्यवस्था गरिनेछ ।

(घ) यस परिषद्बाट प्रदान गरिएका छात्रबृत्ति प्राप्त गरी भर्ना भई अध्ययनरत बिद्यार्थीहरुले यस बमोजिमको छात्रबृत्तिमा आवेदन फाराम भर्न पाउने छैनन ।

**यो सूचना www.ctevtexam.org.np मा समेत हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**